# अस्पताल फार्मेसी सेवा सञ्चालन निर्देशिका,२०८१

**प्रस्तावनाः**

स्वास्थ्य सेवामा प्रभावकारी रुपमा नगरवासी सवैको पहुँच सुनिश्चितता गर्नका लागि फार्मेसी विषयका दक्ष जनशक्ति मार्फत् अस्पतालहरुवाट आफ्नै फार्मेसी सेवा संचालन गरी सेवाग्राहीलाई सुलभ एवं गुणस्तरीय सेवा पुर्याउन सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा ४५ ले दिएको दिएको अधिकार प्रयोग गरी गौरादह नगरपालिकाले देहायको निर्देशिका बनाएको छ ।

**संक्षिप्त नाम र प्ररम्भः** (१) यस निर्देशिकाको नाम "अस्पताल फार्मेसी सेवा सञ्चालन निर्देशिका, २०८१" रहनेछ ।

(२) यो निर्देशिका गौरादह नगरपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

(क) परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(ख) "नगरपालिका" भन्नाले गौरादह नगरपालिका सम्झनु पर्दछ।

(ग) " स्वास्थ्य शाखा" भन्नाले गौरादह नगरपालिका अन्तरगतको विषयगत शाखा सम्झनु पर्दछ ।

उप समितिः दफा ६ बमोजिम

(घ) "अस्पताल" भन्नाले गौरादह नगरपालिकाको स्वामित्व एवम नियन्त्रणमा रहेको सरकारी अस्पताल सम्झनु पर्दछ ।

(ङ) "फार्मेसि" भन्नाले नगरपालिका भित्र सञ्चालित सरकारी, निजि, सहकारी तथा सामुदायिक अस्पतालहरुमा सञ्चालनमा रहेका औषधि तथा औषिधिजन्य पदार्थ वा सामाग्रीवाट दिईने सेवा सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले यस कार्यविधिको दफा ६ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

(छ) "कार्यसमिति" भन्नाले दफा ३ बमोजिम गठित अस्पताल फार्मेसी तथा थेराप्यूटिक समिति सम्झनु पर्दछ।

(ज) विशेष अवस्थाः रोगको प्रकृतिको आधारमा तोकिएको गुणस्तर र मापदण्ड कै औषधी प्रयोग गर्नुपर्ने अवस्था सम्झनु पर्नेछ।

(झ) "अस्पताल फर्मुलरी" भन्नाले अस्पतालमा प्रयोग हुने औषधि तथा औषधिजन्य पदार्थ वा सामाग्रीहरुको विवरण पुस्तिका सम्झनु पर्दछ ।

(३)अस्पताल फार्मेसी तथा थेराप्यूटिक कार्यसमितिः(१)अस्पतालमा औषधी तथा औषधीजन्य पदार्थ वा सामाग्रीहरुबाट दिईने व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न गराउन देहाय बमोजिमको अस्पताल फार्मेसी तथा थेराप्यूटिक कार्यसमिति गठन हुनेछ ।

| | |
|---|---|
| अस्पतालका अध्यक्ष वा निजले तोकेका वरिष्ठ चिकित्सक | -अध्यक्ष |
| अस्पताल प्रशासन हेर्ने प्रमुख | -सदस्य |
| चिकित्सकीय विभाग वा ईकाई प्रमुखहरु | -सदस्य |
| नर्सिङ्ग विषय हेर्ने प्रमुख | -सदस्य |
| अस्पताल फार्मेसी प्रमुख | -सदस्य सचिव |

(२) समितिको काम, कर्तव्य र अधिकारः- समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अस्पताल फार्मेसीमा राखिने औषधि र औषधीजन्य पदार्थ वा सामाग्रीको सूची निर्धारण गरेपछी समिति समक्ष पेश गर्ने।

(ख) आवस्यकता अनुसार औषधि वा औषधिजन्य पदार्थ वा सामाग्रीका उत्पादक एवं आपूर्तिकर्ताहरुको योग्यता निर्धारण सिफारीस गर्ने ।

(ग) गुणस्तरको विश्वासनियताको आधारमा कुनै खास ब्राण्ड स्वीकृत वा अस्वीकृत गर्न, अस्पताल फर्मुलरीको स्वीकृत दिने वा थपघट गर्न सिफारीस गर्ने।

(घ) औषधि प्रतिकुल प्रभाव (Adverse Drug Reaction) को अनुगमन गर्ने।

(ङ) अस्पतालवाट प्रदान गरिने उपचार सेवा सम्वन्धी निर्देशिका तयारी गरी पेश गर्ने ।

(च) अस्पताल फर्मुलरीमा आधारित औषधिको सूची सहित प्रेस्क्रिप्सनको ढाँचा तयार गर्ने ।

(छ) अस्पताल फार्मेसीको समय समयमा निरीक्षण, अनुगमन गर्ने तथा सुधारका लागि सिफारीस गर्ने।

(ज) अस्पताल फार्मेसी सेवा सञ्चालन सम्वन्धी विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(झ) उपसमितिको बैठक सम्बन्धी व्यवस्थाः(१) उपसमितिको वैठक कम्तीमा प्रत्येक दुई महिनामा बस्नेछ ।

(२) समितिको बैठक बस्नु भन्दा कम्तिमा एक दिन अगावै सदस्य सचिवले सवै सदस्हरुलाई बैठकको कार्यसूची उपलव्ध गराउनु पर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा उपसमितिको वैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) बैठकको अध्यक्षता उपसमितिको अध्यक्षले गर्नेछ ।

(५) उपसमितिको वैठकको निर्णय उपस्थित सदस्यको बहुमतबाट हुनेछ ।

(६) उपसमितिको बैठकको निर्णय उपसमितिको अध्यक्षले प्रमाणित गर्नेछ ।

(७) उपसमितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. अस्पताल फार्मेसी सञ्चालन गर्न समितिः** (१) अस्पताल फार्मेसी व्यवस्थित रुपमा सञ्चालन गर्न गराउन देहाय बमोजिम फार्मेसी सञ्चालन समिति गठन हुनेछ ।

(क) अस्पताल फार्मेसी प्रमुख -संयोजक

(ख) अस्पतालका स्वास्थ्य प्राविधिक कर्मचारी -सदस्य

(ग) आर्थिक प्रशासन प्रमुख वा निजको प्रतिनिधि -सदस्य

(घ) अस्पताल फार्मेसी प्रमुखले तोकेको कर्मचारी –सदस्य

(ङ) वीमा सम्बन्धी कार्य हेर्ने अस्पतालले तोकेको व्यक्ति -सदस्य

(२) उपदफा (१) बमोजिमको समितिका अन्य काम, कर्तव्य र अधिकार अस्पताल फार्मेसी तथा थेराप्युटिक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा( १) बमोजिमको समितिको बैठक सञ्चालन सम्वन्धी कार्यविधि अस्पताल फार्मेसी सञ्चालक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**७. फार्मेसी प्रमुखको काम, कर्तव्य र अधिकारः** फार्मेसी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) उपसमिति तथा कार्यसमितिका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

(ख) उपसमिति तथा कार्यसमिति वैठकमा पेश गर्नुपर्ने भएमा सो को लागि प्रस्ताव तयार गरी पेश गर्ने ।

(ग) अस्पतालमा प्रयोग गर्ने औषधीको सूची तयार गर्ने गराउने ।

(घ) क्लिनिकल फार्मेसी सेवा प्रदान गर्न व्यवस्था मिलाउने।

(ङ) मातहतका कर्मचारीहरुको सुपरिवेक्षण गर्ने ।

(च) नियमित मौज्दात तथा म्याद गुज्रने मिति नजिक भएका औषधीहरुको रुजु गरी बिक्री व्यवस्थापन गर्ने गराउने ।

(छ) कार्यसमिति तथा उपसमितिले तोकेको फार्मेसी व्यवस्थापनमा अन्य कार्यहरु गर्ने ।

**८. औषधी तथा औषधीजन्य सामाग्री र पदार्थको खरिद प्रक्रियाः** औषधी तथा औषधीजन्य सामाग्री र पदार्थ खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रकृया अवलम्वन गरी गर्नु पर्नेछ ।

**९. औषधी र औषधीजन्य पदार्थको विक्रि मुल्यः** औषधी र औषधीजन्य पदार्थको विक्रि मुल्य निर्धारण गर्दा यसको खरिद मुल्यमा बीस प्रतिशतमा नवढाई निर्धारण गरिनेछ । तर, यसरी विक्री मुल्य निर्धारण गर्दा अधिकतम खुद्रा मुल्य( Maximum Retail price, MRP) भन्दा बढी हुनु हुने छैन ।

**१०. अस्पताल फार्मेसीको लागि जनशक्तिः**(१) अस्पताल फार्मेसीको लागि स्थायी जनशक्तिको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्थायी जनशक्ति उपलब्ध नहुञ्जेल सम्मका लागि वैकल्पिक व्यवस्थावाट फार्मेसी संचालन गर्न बाधा पर्ने छैन ।

(३)स्थायी जनशक्ति नेपाल स्वास्थ्य सेवाबाट र अन्य आवश्यक जनशक्ति अस्पतालले प्रचलित नियमानुसार पूर्ति गर्न सकिनेछ ।

(४) फार्मेसी सञ्चालनका लागि कम्तिमा देहाय बमोजिमको जनशक्ति रहनेछ ।

| क्र. सं. | अस्पताल/ स्वास्थ्य संस्था | क्लिनिकल फार्मासिस्ट | फर्मासिस्ट | फार्मेसी सहायक | सहयोगी |
|---|---|---|---|---|---|
| १ | २६ शैया देखि ५० शैया सम्मका अस्पताल | - | १ | २ | १ |
| २ | १५ देखि २५ शैया सम्मका अस्पताल | - | - | २ | १ |

स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि क्लिनिकल फर्मासिस्ट भन्नाले क्लिनिकल फार्मेसी वा फर्मासिउटिकल केयरमा स्नातकोतर वा वि. फार्मेसीपछीको फार्म डी गरेकोलाई सम्झनु पर्दछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि अस्पताल फार्मेसीले अस्पतालको शैया, कार्यवोझ र दैनिक कारोवारका आधारमा जनशक्ति थपघट गर्न सक्नेछ ।

तर, यसरी दरबन्दी थप गर्दा प्रति दश हजार रुपैया प्रतिदिनको कारोवारमा एकजनाभन्दा बढी थप गर्न सकिने छैन । मासिक कारोवार घटेको अवस्थामा थप दरवन्दी स्वतः खारेज हुनेछ ।

**११. अस्पताल फार्मेसीको भौतिक पूर्वाधारः** (१) अस्पताल फार्मेसी सञ्चालनका लागि औषधी औषधी बिक्री वितरण संहिता, २०७१ पालना हुने गरी आवश्यक औषधी वितरण कक्ष र भण्डारणको लागि पर्याप्त ठाउँको व्यवस्था गर्नु पर्नेछ ।

(२) औषधी वितरण कक्ष ओस नलाग्ने, सूर्यको प्रत्यक्ष प्रकाश नपर्ने र पर्याप्त भेण्टिलेसन भएको हुनुपर्नेछ । औषधी / औषधीजन्य पदार्थको लेवलमा तोकिएको सञ्चय तापक्रम अनुकुल भण्डारण गर्नुपर्नेछ ।

(३) फार्मेसी संचालन गर्ने ठाउँ सर्वसाधारणले सजिलै देख्ने हुनुपर्दछ र सम्भव भए सम्म अस्पतालको अगाडीको भागमा हुनुपर्छ ।आवश्यकता अनुसार अस्पतालमा एकभन्दा बढी फार्मेसी सञ्चालन गर्न सकिनेछ ।

(४) बिरामीहरुलाई परामर्श दिने उपयुक्त व्यवस्था सहितको स्थान रहनुपर्नेछ ।

(५) विक्री वितरणका लागि अनुपयुक्त वा फर्काउनु पर्ने वा म्याद गुज्रेका वा नष्ट गर्नुपर्ने औषधी तथा औषधीजन्य सामाग्री, असम्वन्धित व्यक्तिको पहुंच नहुने गरी सुरक्षित राख्ने छुट्टै भण्डारणको व्यवस्था मिलाउनु पर्नेछ ।

(६) औषधी, पुर्जा लिने, डिस्पेन्स गर्ने र भुक्तानी लिने व्यक्ति र ठाउँको उपयुक्त व्यवस्था हुनुपर्नेछ ।

(७) औषधी तथा औषधीजन्य सामाग्रीको मौज्दात तथा खपत अभिलेख, विजिकरण, औषधीको सूचना, लेवल औषधी सम्वन्धी समस्याहरुको जानकारी आदी संलग्न भएको उपयुक्त सफ्टवेयर सहितको कम्प्यूटरको माध्यमवाट गर्नुपर्नेछ ।

(८) नेपाल सरकारबाट प्रदान गरिने निःशुल्क औषधीहरु र औषधीजन्य सामाग्रीहरुको सूची सवैले देख्ने सक्ने गरी राख्नु पर्नेछ ।

(९) अस्पताल फार्मेसी सञ्चालनका अन्य पक्ष औषधी विक्रि वितरण संहिता, २०७१ र स्वास्थ्य संस्था स्थापना, सञ्चालन र स्तरन्नती सम्वन्धी मापदण्ड निर्देशिका, २०७० बमोजिम हुनेछ ।

(१०) अस्पतालहरुबाट निःशुल्क प्रदान गर्ने औषधीहरु र सो बाहेकका औषधीहरु स्पष्ट छुट्टिने गरी राख्नुपर्नेछ ।

(११) अस्पताल परिसरमा औषधीको व्यपारिक प्रवद्धर्न सम्वन्धी कुनैपनि क्रियाकलाप गर्न पाईनेछैन ।तर, कार्यसमितिको स्विकृतिमा औषधीको वैज्ञानिक

प्रस्तुति जस्ता सामुहिक सहभागिता हुने गरी सभा सम्मेलनको रुपमा सञ्चालन गर्न बाधा पुग्ने छैन्।

**१२.बिउ रकम (Seed money)उपलब्ध गराउने** (१) नगरपालिकाले नगर अस्पताल फार्मेसी सञ्चालनका लागि वीउ रकम (Seed money) उपलव्ध गराउन सक्नेछ ।

(२) नगरपालिकाले आवश्यक देखेमा उपदफा (१) बमोजिमको रकम अनुदानमा परिणत गर्न सक्नेछ ।

**(१३) निःशुल्क बितरण गरिने औषधी सम्वन्धमाः**(१) नेपाल सरकारबाट निःशुल्क वितरण गर्ने भनी तोकिएका औषधी नगर अस्पताल फार्मेसीले निःशुल्क उपलब्ध गराउनुपर्नेछ ।

(२) निःशुल्क बितरणका लागि तोकिएका औषधी र औषधीजन्य सामाग्री तथा मन्त्रालयबाट प्राप्त हुने अनुदान रकम वा औषधी खरिदका लागि प्राप्त रकमबाट नगरपालिकाले खरिद गर्नुपर्नेछ।प्रदेश सरकार र संघीय सरकारवाट प्राप्त भई वितरण गर्नुपर्ने निःशुल्क औषधि तथा औषधीजन्य पदार्थहरु नगर अस्पताल र स्वास्थ्य कार्यालय मार्फत उपलव्ध गराईनु पर्नेछ।

(३) निःशुल्क वितरण हुने औषधीको मौज्दात नभएको अवस्थामा त्यस्तो औषधी निःशुल्क उपलब्ध गराउन बाध्य हुने छैन।

तर, निःशुल्क वितरण हुने औषधी र औषधीजन्य सामाग्री मौज्दत नभएको जानकारी सम्वन्धित विरामीको पुर्जामा फार्मेसीले जनाईदिनु पर्नेछ ।

**(१४) निः शुल्क प्राप्त औषधीको वितरणः**(१) सवै अस्पतालहरुले कुनैपनि श्रोतबाट निःशुल्क रुपमा प्राप्त भएका वा कुनै कम्पनीबाट बोनस स्वरुप प्राप्त भएका औषधी र औषधीजन्य सामाग्रीहरु निःशुल्क रुपमा प्रदान गर्नुपर्नेछ ।

(२) औषधी तथा औषधीजन्य सामाग्रीहरु निःशुल्क प्राप्त गर्दा अस्पाल फर्मुलरीमा सूचीकृत औषधीहरुमा आधारित भई औषधी दान वा उपहार प्राप्त गर्न सकिनेछ।

यसका अतिरिक्त औषधी व्यवस्था विभागले तोकेको वा विश्व स्वास्थ्य संगठनको औषधी दान वा उपहार प्राप्त गर्ने सम्वन्धी निर्धारित मापदण्ड अनुरुप गर्नु पर्नेछ ।

**१५. आर्थिक व्यवस्थापनः** (१)अस्पताल फार्मेसीको अलग्गै खाता सञ्चालन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको खाता सञ्चालन अस्पताल प्रमुख वा निजले तोकेको व्यक्ति लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गर्नु हुनेछ ।

(३) उपदफा (१)बमोजिमको खातामा देहायका रकम जम्मा हुनेछन् :

(क) नगरपालिका वाट प्राप्त रकम,
(ख) राष्ट्रिय स्वास्थ्य बीमा संस्थानबाट प्राप्त रकम,
(ग)दैनिक बिक्रीबाट प्राप्त रकम,
(घ) मन्त्रालयबाट प्राप्त रकम,
(ङ) अन्य

(४) फार्मेसी सञ्चालन कार्यसमितिको सिफारिश र उपसमितिको निर्णय बिना उपदफा(१) बमोजिमको खातामा रहेको रकम खर्च गरिनेछैन।यस बमोजिमको रकम फार्मेसी सञ्चालन बाहेक अन्य प्रयोजनमा खर्च गरिने छैन।

(५) प्रत्येक दिनको कारोवार रकम सोही दिन अथवा भोलीपल्ट मध्यान्ह सम्ममा बैंक दाखिला गरिसक्नुपर्नेछ।

(६) फार्मेसीमा काम गर्ने करारका कर्मचारीको तलवभत्ता लगायत खर्च उपदफा (१) बमोजिमको खाताबाट व्यहोर्न सकिनेछ ।

**१६. आयव्ययको हिसावः** (१) प्रत्येक मसान्तको भोलिपल्ट मासिक हिसावकिताव अध्यावधिक गर्नुपर्नेछ।फार्मेसीको अर्ध बार्षिक एवम वार्षिक आयव्यय उक्त अवधी समाप्त भएको एक महिना भित्रमा सार्वजनिक गर्नुपर्नेछ।

(२) आर्थिक बर्ष समाप्त भएको तीन महिनाभित्र आन्तरिक लेखा परीक्षण गराई सक्नुपर्नेछ।

(३) अस्पताल फार्मेसीको लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(४) प्रत्येक आर्थिक बर्षको अन्तमा फार्मेसीमा खरिद भएको अध्यावधिक परिमाण, बिक्रि भएको परिमाण तथा बाँकी परिमाणको सन्तुलन परीक्षण (Trail Balance) तयार गर्नु पर्नेछ।

**१७. ब्राण्ड तोकी सिफारिस गर्न नहुनेः** विशेष अवस्थामा बाहेक विरामीलाई खास ब्राण्ड तोकी सिफारिस गर्न हुदैन ।

**१८. अनुगमन तथा मुल्यांकन गरी प्रतिवेदन पठाउनु पर्नेः** अस्पताल फार्मेसी सञ्चालनको अवस्था एवं उक्त सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि नगरपालिकाले आवश्यकता अनुसार अनुगमन मुल्यांकन गर्न सक्नेछ।अनुगमनका क्रममा देखिएका त्रुटी सच्याउन नगरपालिकाले निर्देशन दिन सक्नेछ। यस्तो निर्देशन पालना गर्नु अस्पतालको कर्तब्य हुनेछ।निर्देशन पालना नगरेमा कानुन बमोजिम सजाय हुन सक्नेछ।

**१९. अस्पताल फर्मुलरी सम्बन्धी व्यवस्थाः** अस्पताल फर्मुलरीमा देहाय बमोजिमको व्यवस्था मिलाउनुपर्नेछ ।

(क) रोगको प्रकृति अनुसार अस्पतालका लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामाग्री तथा पदार्थहरु र औषधीको मात्रा (Dosage) फर्मको सूची अस्पताल फर्मुलरी अद्यावधिक गरि राख्नु पर्नेछ।

(ख) अस्पताल फर्मुलरीमा न्यूनतम जानकारीका रुपमा औषधीको सूची, औषधीको मात्रा, वनावट र क्षमता (Dosage Form and Strength) साथै सञ्चय सम्वन्धी निर्देशन हुनुपर्दछ।थप जानकारीका रुपमा औषधीको प्रयोग गर्न सकिने वा नसकिने अवस्था (Indication or Contraindication), औषधीको

नकारात्मक प्रभाव, औषधी सेवन गर्दा अपनाउनु पर्ने सावधानी, औषधीको तुलनात्मक मुल्य आदि समेत समावेश गर्नुपर्नेछ।

(ग) अस्पताल फर्मुलरी तयार नभएसम्म औषधी तथा औषधीजन्य सामाग्री र पदार्थको सूची तयार गरी कार्य गर्नुपर्नेछ।

(घ) अस्पताल फर्मुलरीमा अत्यावश्यक औषधीको राष्ट्रिय सूचीमा समावेश भएका औषधीहरुलाई प्राथमिकता दिनुपर्नेछ।

**२०. निजी अस्पताल सम्वन्धी विशेष व्यवस्थाः** (१) नेपाल सरकार तथा नगरपालिकाको स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका निजी, सहकारी, सामुदायिक,शिक्षण लगायतको गैर सरकारी क्षेत्रका अस्पतालहरुले समेत अनिवार्य रुपमा यस निर्देशिका बमोजिम आफ्नै फार्मेसी सेवा सञ्चालन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमका अस्पतालले अस्पतालमा उपचारका लागि आउने कुल विरामी संख्याको दश प्रतिशत अतिगरीब र असाय विरामीलाई निःशुल्क औषधीसहितको उपचार उपलब्ध गराउनु पर्नेछ ।

**२१. फार्मेसी सञ्चालन सम्वन्धी सफ्टवेयरः** फार्मेसी व्यवस्थापनका लागि प्रत्येक अस्पतालले स्वास्थ्य मन्त्रालयले तोके बमोजिमको मापदण्ड पुरा भएको सफ्टवेयरको प्रयोग गर्नुपर्नेछ। यस्तो सफ्टवेयरमा एण्टीमाईक्रोवियल एवं लागु औषधी (मनोदिपक)को विवेकपूर्ण प्रयोग र अभिलेखिकरण समेत सुनिश्चित गर्नुपर्नेछ।

**२२. निर्देशन दिन सक्नेः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा नगरपालिकाले समयसापेक्ष फार्मेसी सञ्चालन सम्वन्धी विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र सो निर्देशन पालन गर्नु सम्वन्धित अस्पतालको कर्तब्य हुनेछ ।

**२३. प्रचलित कानून बमोजिम हुनेः** यस निर्देशिकामा उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**२४. निजी फार्मेसी सञ्चालन तथा अनुगमन सम्वन्धी व्यवस्थाः** (१)नगरपालिका क्षेत्र भित्र औषधी व्यस्था विभागबाट दर्ता भई सञ्चालनमा भैरहेका निजी औषधी पसलहरुले यो निर्देशिका लागु भएको तीन महिना भित्र अनिवार्य रुपमा नगरपालिकामा व्यवसाय दर्ता गर्नु पर्नेछ।

(२) उपदफा १ बमोजिम औषधी व्यवस्था विभागको अनुमति विना सञ्चालन भएका औषधी पसलहरुको हकमा उपदफा १ बमोजिमको व्यवस्था लागु हुनेछ। तोकिएको समयभित्र विभागको स्वीकृति तथा नगरपालिकामा व्यवसाय दर्ता नगर्ने औषधी पसललाई अवैध औषधी पसल सञ्चालन भएको मानि पसल बन्दको लागि औषधी व्यवस्था विभागलाई कारवाही अगाडी बढाउन सिफारिस गरिनेछ।

(३) निजी फार्मेसीहरुले एण्टीमाईक्रोवियल एवं मनोदिपक औषधीको विक्री वितरण विवेक पूर्ण प्रयोग र अभिलेखिकरण समेत राख्नु पर्नेछ। सोको अनुगमन नगरपालिकाबाट आवश्यकता बमोजिम गरिनेछ।

**२५. खारेजी र बचाउः** (१) अस्पताल फार्मेसी सेवा निर्देशिका, २०८१ बमोजिम गरिएका कामकारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले
युवराज खतिवडा
प्रमुख प्रशासकीय अधिकृत